प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

# प्रेश विज्ञप्ति

आज मिति २०७५ पुष २७ गतेका दिन सामाजिक विकास मन्त्रालय विराटनगरमा विद्यालय शिक्षामा गुणस्तर अभिवृदि गर्न, सुचना एवं विद्युतिय माध्यमबाट गुणस्तरीय शिक्षा प्रदान गर्न इ. एजुकेशन सञ्चालन, एक विद्यालयको अनुभवलाई अर्को विद्यालय सँगको सुमधुर सम्बन्ध स्थापित गर्न विद्यालय मितेरी कार्यक्रम र विद्यालयमा पूर्णरुपमा साधनस्रोत व्यवस्थापन गरी आफू अध्यायन गरेको विद्यालयको व्यवस्थापकीय सुधारका लागि पूर्व विद्यार्थी परिचालनमा 'आफ्नो विद्यालय आफै बनाऔं' कार्यक्रम सञ्चालन विषयमा नितिगत कार्ययोजना र निर्देशिका तयार गर्ने बारे एक छलफल आयोजना गरियो । कार्यक्रममा माननीय मन्त्री, शिक्षा महाशाखाका प्रमुखहरु, शिक्षा निर्देशनालयका प्रमुख, राष्ट्रिय परीक्षा बोर्ड विराटनगर महानगरपालिका प्रमुख, शिक्षा तालिम केन्द्र सुनसरी प्रमुख तथा शिक्षा विकास समन्वय एकाई सुनसरी, मोरङ र झापाका प्रमुखहरु तथा विराटनगर महानगरपालिका, इटहरी उप-महानगरपालिका र उर्लावारी नगरपालिकाका शिक्षा शाखा प्रमुखज्यूहरु तथा मन्त्रालयका अधिकृतज्यूहरुको उपस्थिति रहेको छ। कार्यक्रममा शिक्षा विकास निर्देशनालयका तर्फबाट अलग-अलग-३ कार्यविधीहरुमा ड्राफ्ट प्रस्तुत गरियो। साथै छलफलमा उक्त तीन कार्यक्रमहरु एउटै कार्यविधी र कार्यप्रकृयाबाट पनि सम्पन्न गर्न सकिने विषयमा समेत सहभागीहरु विच छलफल भएको थियो। आवश्यक तयारीको प्रक्रिया पुरागरी अनुदान प्राप्तीको व्यवस्थापन गरी आगामी शैक्षिक वर्ष देखि नै १०० ओटा विद्यालय छनौट गरी उल्लेखित कार्यक्रम परीक्षणका रुपमा सञ्चालन गर्ने मन्त्रालयको योजना रहेको छ । उक्त कार्यक्रम सञ्चालन बाट विद्यालय शिक्षालाई प्रविधियुक्त सिकाईतर्फ अभिप्रेरित गर्ने योजना रहेको विषयमा सामजिक विकास मन्त्रालयले विश्वास लिएको छ । छलफलमा माननीय मन्त्री जीवन घिमिरेज्यू बाट कार्यक्रम बारे आवश्यक निर्देशन प्रदान गर्नुभएको थियो । यो छलफलले तयार गरेको कार्यविधी चाडै मन्त्रालयले जारी गरी कार्यन्वयनमा लाने कुरा सामाजिक विकास मन्त्रालयको योजना रहेको छ।

०७५/०९/२६
प्रवक्ता
गोपी प्रसाद घिमिरे
सामाजिक विकास मन्त्रालय